नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा**
सानोठिमी, भक्तपुर

पत्र संख्या : ०७८/०७९
च.नं. ६६

फोन नं. :
फ्याक्स नं. : ६६-३१९७२

**मिति** :- २०७८।११।२०

श्री शिक्षा विकास तथा समन्वय इकाई

७७ वटै

विषय: प्रारम्भिक प्रतिवेदन पठाउने सम्बन्धमा ।

यस केन्द्रको च.नं. ५८ मिति २०७८।१०।१६ को पत्रवाट विवरण पठाउन माग गरिएकोमा उक्त विवरण पठाउँदा देहायका विवरण समेत उल्लेख गरी जिल्लाको प्रारम्भिक प्रतिवेदन तयार गरी यस केन्द्रमा cehrd.ss@gmail.com पठाइदिनु शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (सचिव स्तरीय) को मिति २०७८।११।१६ को निर्णयानुसार हुन अनुरोध छ ।

१) अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ४ ले प्रत्येक नागरिकलाई आधारभुत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार , प्रदेश सरकार र स्थानीय तहको हुने व्यवस्था गरेको सन्दर्भ र हाल सञ्चालनमा रहेका कतिपय विद्यालयहरुमा विद्यार्थी संख्या अति न्युन रहेका र केही स्थानमा विद्यालय नभएका कारणले विद्यार्थीको पढ्न पाउने हक सुनिश्चित हुन नसक्ने जस्ता अवस्था देखिएको र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज (१२) मा विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन सम्बन्धी काम स्थानीय तहबाट हुने व्यवस्था भएकाले हालसम्म स्थानीय तहबाट विद्यालय नक्सांकन भए नभएको बुझी, सो सम्बन्धी अद्यावधिक जानकारी स्थानीय तहबाट लिई प्रतिवेदनमा समावेश गर्ने ।

२) त्यस इकाइवाट यसअघि पठाइएको २०७४ यता मर्ज भएका विद्यालयको विवरणमा त्यस पछि मर्ज भएका विद्यालयको विवरण अध्यावधिक नगरिएको भए सो समेत अध्याविधक जानकारी समावेश गर्ने।

३) भौगोलिक अवस्थिति, जनघनत्व, विद्यालय जाने उमेर समूहका बालबालिकाको संख्या एवं अवस्थाका आधारमा हाल सञ्चालनमा रहेका विद्यालयहरू मध्ये मर्ज, समायोजन एवं तह घटाउने सम्भावना भएका विद्यालयहरूको विवरण र अनिवार्य तथा निशुल्क शिक्षा सम्वन्धी ऐनको दफा ७ ले गरेको व्यवस्था तथा हिडाइ दुरी समेतलाई विचार गरी कुनै स्थानमा नयाँ विद्यालय स्थापना गर्नुपर्ने वा ऐनको दफा १४, १५ र १६ बमोजिमको वैकल्पिक ढाँचाको शिक्षा व्यवस्थापन गर्नुपर्ने हो ? सो खाका समेत उल्लेख भएको

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा**
सानोठिमी, भक्तपुर

पत्र संख्या : ०७८/०७९
च.नं.

फोन नं. :
फ्याक्स नं. : ६६-३१९७२

जिल्लाको प्रारम्भिक प्रतिवेदन । स्थानीय तह सञ्चालनमा आएपश्चात् स्थानीय तहवाटै स्रोत व्यवस्थापन हुने गरी वा निजी लगानी वा अन्य आधारमा भएका विद्यालय अनुमति सम्वन्धी विषयहरू समेत प्रारम्भिक प्रतिवेदनमा समावेश गर्ने।

४) स्थानीय तहले नयाँ विद्यालय अनुमति सम्बन्धमा विद्यालय नक्साङ्कनको कार्य सम्पन्न भएपछि मात्र प्रक्रिया अगाडि बढाउनु पर्ने र अनुमति दिदा विद्यालय नक्सांकन प्रतिवेदनले आवश्यकता औंल्याएका स्थानमा मात्र दिनुपर्ने । यसरी नया अनुमति दिनुपर्ने विद्यालयमा नेपाल सरकारको संघीय अनुदान आवश्यक पर्ने भएमा मन्त्रालयको पूर्व स्वीकृति पश्चात मात्र अनुमतिको प्रक्रिया अगाडि बढाउने विषयमा जिल्ला भित्रका स्थानीय तहहरूलाई जाकारी गराउनु हुन एवम् स्थानीय तहले माग गरेमा नक्साङ्कनमा आवश्यक सहजीकरण गर्नुहुन।

गणेश प्रसाद पौडेल
निर्देशक